नगर प्रमुख श्री डम्वर बहादुर रावतबाट

१८ औ नगर सभामा प्रस्तुत हुने

# नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को

# नीति तथा कार्यक्रम

नलगाड नगरपालिका, जाजरकोट ।

२०८३ असार९, मंगलबार

नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

आदरणीयनगरसभाका सदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू,

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्त र्गत स्थानीय सरकारलाई प्राप्त अधिकार, जिम्मेवारी तथा जनअपेक्षालाई आत्मसात् गर्दै नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

वर्तमान विश्व परिवेश आर्थिक मन्दी, जलवायु परिवर्तनका बढ्दो असर,खाद्य तथा पोषण असुरक्षा,बेरोजगारी, दक्ष युवा जनशक्तिको विदेश पलायन , विपद्जन्य जोखिमले स्थानीय विकासलाई थप चुनौतीपूर्ण बनाएको छ। यसका साथै नागरिकको गुणस्तरीय सेवा , जनउत्तरदायी तथा पारदर्शी शासन , रोजगारीको अवसर सिर्जना, सामाजिक न्याय तथा दिगो विकास प्रतिको अपेक्षा निरन्तर बढिरहेको छ।

जाजरकोट केन्द्रबिन्दु भएर गएको विनाशकारी भूकम्पले नलगाड नगरपालिकाको भौतिक , सामाजिक तथा आर्थिक क्षेत्रमा गम्भीर प्रभाव पारेको छ। भूकम्प प्रभावित परिवारको पुनर्स्थापना , सुरक्षित आवास पुनर्निर्माण, सार्वजनिक पूर्वाधारको पुनर्निर्माण तथा विपद् प्रतिरोधी विकास संरचनाको निर्माण वर्तमान समयको प्रमुख आवश्यकता बनेको छ। यस परिस्थितिमा पुनर्निर्माणसँगै दिगो समृद्धि निर्माणको अभियानलाई अगाडि बढाउनु हाम्रो साझा दायित्व हो।

नलगाड नगरपालिका प्राकृतिक स्रोत , कृषि उत्पादन,पशुपालन,वन,जलस्रोत, पर्यटन, जैविक विविधता तथा युवा जनशक्तिको दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो। उपलब्ध प्राकृतिक तथा मानवीय स्रोतकोदिगो उपयोग गर्दै उत्पादन, उत्पादकत्व, रोजगारी तथा आयआर्जन वृद्धि गर्दैस्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने तथा आत्मनिर्भर नगर निर्माण गर्ने दिशामा हामी प्रतिबद्ध छौं। स्थानीय स्रोत र साधनको अधिकतम परिचालन, निजी क्षेत्र,सहकारी तथा विकास साझेदार संस्था हरुसँगकोसहकार्य र नागरिक सहभागिता मार्फत समृद्ध नगर निर्माण गर्ने आधार तयार गर्नु आजको आवश्यकता हो।

यस नीति तथा कार्यक्रमले संविधानको मर्म , सोह्रौंआवधिक योजना, दिगो विकास लक्ष्य , राष्ट्रिय जलवायु परिवर्तन नीति , विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीतिहरू , बहुक्षेत्रीय पोषण योजना,कर्णाली प्रदेश सरकारका प्राथमिकता , नगरवासीका आवश्यकता तथा सुझावलाई आधार मानी तर्जुमा गरिएको छ ।

यस नीति तथा कार्यक्रमले सुशासन , आर्थिक विकास, सामाजिक विकास, मानव पूँजी विकास , गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, कृषि आधुनिकीकरण, उद्यमशीलता प्रवर्द्धन, जलवायु अनुकूलविकास, वातावरण

संरक्षण, डिजिटलसुशासन, लैङ्गिकसमानता, सामाजिक समावेशीकरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ।

"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"भन्ने नलगाड नगरपालिकाको दीर्घकालीन सोचलाई आत्मसात् गर्दै भूकम्पपछिको पुनर्निर्माण, उत्पादन तथा रोजगारी वृद्धि, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, सुरक्षित तथा दिगो पूर्वाधार, सामाजिक न्याय, उत्तरदायी शासन, वातावरणीय सन्तुलन तथा दिगो विकासका लक्ष्य प्राप्तिका लागि प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी संस्था, विकास साझेदार तथा सम्पूर्ण नगरवासीहरूको सक्रिय सहयोग , सहकार्य र सहभागिताको अपेक्षा गर्दछु।

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,

१. आज नलगाड नगरपालिकाको गरिमामय १८ औं नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमनेपालको संविधान जारी भएपछि स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत स्थानीय तहले प्राप्त गरेको अधिकार, जिम्मेवारी तथा अवसरलाई आत्मसात् गर्दै स्थानीय सरकारहरू जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित भएका छन। स्थानीय सरकार स्थापना भएदेखि नै नीतिनिर्माण , कानुन तर्जुमा, सेवा प्रवाह, विकास व्यवस्थापन तथा विपद् व्यवस्थापनका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै संघीयता र लोकतन्त्रलाई संस्थागत बनाउने कार्यमा निरन्तर क्रियाशील रहेका छन्। तदनुरूप नलगाड नगरपालिका पनि लोकतन्त्रका लाभहरू आम नागरिकसम्म पुर्यायउँदै राज्यको उपस्थितिलाई जनताको घरदैलोमा सुनिश्चित गर्न तथा सुशासन, विकास र समृद्धिको यात्रालाई अघि बढाउन सदैव प्रतिबद्ध रहेको छ। यस सुखद पृष्ठभूमिका बीच नलगाड नगरपालिकाको गरिमामय १८ औं नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।नेपाली जनताले विभिन्न कालखण्डमा सञ्चालन गरेका सशस्त्र संघर्ष, ऐतिहासिक जनआन्दोलन, महान् जनयुद्ध तथा लोकतन्त्र, गणतन्त्र, सामाजिक न्याय र नागरिक अधिकार स्थापनाका लागि भएका संघर्षहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै शहीद परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु। नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, लोकतन्त्र, गणतन्त्र तथा जनअधिकारको स्थापनाका लागि विभिन्न आन्दोलन र संघर्षहरूमा सहभागी भई घाइते , बेपत्ता तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु। साथै विभिन्न आन्दोलन तथा परिवर्तनका अभियानहरूमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा योगदान पुर्याछउनुहुने सम्पूर्ण अग्रज , योद्धा तथा नागरिकहरूको योगदानको उच्च कदर गर्दै उहाँहरूप्रति सम्मान प्रकट गर्दछु। नेपाली समाजको

राजनीतिक, सामाजिक तथा आर्थिक रूपान्तरणमा उहाँहरूले पुर्याउनुभएको अतुलनीय योगदानलाई यस अवसरमा सम्मानपूर्वक स्मरण गर्न चाहन्छु।

२. संघीयता कार्यान्वयनको प्रक्रियासँगै नलगाड नगरपालिका आर्थिक समृद्धि , सुशासन तथा दिगो विकासको मार्गमा निरन्तर अग्रसर रहेको छ। लोकतन्त्रका आधारभूत मूल्य , मान्यता तथा संविधानले प्रत्याभूत गरेका नागरिक अधिकारहरूको संरक्षण गर्दै सुशासन , पारदर्शिता, जवाफदेहिता, विधिको शासन, भ्रष्टाचार नियन्त्रण , स्वतन्त्र न्यायपालिका , प्रेस स्वतन्त्रता तथा मानव अधिकारको सम्मानप्रति नगरपालिका दृढ प्रतिबद्ध रहेको छ। नलगाड नगरपालिकाको समग्र विकासका लागि स्वास्थ्य , शिक्षा, कृषि, पर्यटन, पूर्वाधार, उद्यमशीलता, वातावरण संरक्षण तथा सामाजिक विकास लगायतका क्षेत्रहरूमा विद्यमान सम्भावनाको अधिकतम परिचालन गर्दै समावेशी , दिगो तथा परिणाममुखी विकासलाई प्राथमिकता दिइनेछ। स्थानीय स्रोत , साधन, सीप र अवसरहरूको प्रभावकारी व्यवस्थापन तथा उपयोगमार्फत उत्पादन, उत्पादकत्व, रोजगारी र आयआर्जन वृद्धि गर्दै समृद्ध , आत्मनिर्भर तथा सुशासित नलगाड निर्माणका लागि हामी दृढसंकल्पित छौं।

३. नलगाड नगरपालिकाको दोस्रो आवधिक योजनाले अङ्गीकार गरेको "समृद्ध र सफा नगर , दिगो विकास र सुशासनको शहर" भन्ने दीर्घकालीन सोच अनुरूप आर्थिक समृद्धि , सामाजिक न्याय, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, उद्यमशीलता विकास, वातावरण संरक्षण तथा आधारभूत पूर्वाधार विकासलाई केन्द्रमा राखी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रमसरोकारवाला बाट प्राप्त सुझाव , जनप्रतिनिधिहरूको राय , विषयगत समितिहरूको सिफारिस तथा नगरवासीहरूको आवश्यकता र अपेक्षालाई समेटी तयार गरिएको हो। यस नीति तथा कार्यक्रम अन्तर्गत प्रस्तावित वार्षिक योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी , पारदर्शी र परिणाममुखी रूपमा कार्यान्वयन गर्न नगरपालिकाभित्र क्रियाशील सम्पूर्ण राजनीतिक दल , जनप्रतिनिधि, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार संस्था , सञ्चार जगत तथा आम नगरवासीहरूको सक्रिय सहयोग , सहकार्य र सहभागिताका लागि नलगाड नगरपालिका हार्दिक आह्वान गर्दछ। गरिमामय नगरसभाका सदस्यज्यूहरू,

४. भूकम्पबाट प्रभावित नागरिकहरूको सुरक्षित आवास पुनर्निर्माणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा जारी नीति, मापदण्ड तथा कार्यविधिको अधीनमा रही नेपाल सरकारसंग आवश्यक समन्वय र सहकार्य गरी पुनर्निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ तीव्रता दिइनेछ।

५. नगरपालिकाको नीति , कानून, मापदण्ड तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयन , सार्वजनिक सम्पत्तिको संरक्षण तथा सुरक्षा, स्थानीयस्तरमा आयोजना हुने सभा, समारोह, जात्रा, पर्व तथा मेलाहरूको व्यवस्थापन, स्थानीय बजार तथा पार्किङ्ग व्यवस्थापन, सरसफाइ प्रवर्द्धन, न्यायिक समितिका निर्णयहरूको कार्यान्वयन, विपद् व्यवस्थापन, खोज तथा उद्धार, राहत तथा पुनःस्थापना कार्य, सार्वजनिक ऐलानी तथा पर्ती जग्गा, सार्वजनिक भवन, सांस्कृतिक सम्पदा तथा भौतिक पूर्वाधारहरूको संरक्षण र सुरक्षालाई प्रभावकारी बनाउन नलगाड नगर प्रहरीको व्यबस्था गरिनेछ।

६. भौगोलिक विकटता तथा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले नलगाड नगरपालिका वडा नं. १ जुरेली ,वडा नं ८ मैदे र वडा नं. ११ रजिकमा, आधारभूत स्वास्थ्य सेवा केन्द्र बाट नियमित स्वास्थ्य सेवा संचालन गर्न स्वास्थ्य सेवा केन्द्रहरूमा आवश्यक औषधि , स्वास्थ्य सामग्री तथा दक्ष स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गरी गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह सुनिश्चित यसै वर्ष देखी गरिनेछ। साथै नलगाड नगरपालिका वडा नं ४ बाउसेखोलामा गाउँघर क्लिक स्थापन गरी सञ्चालन गरिनेछ ।

७. नलगाड नगरपालिकालाई सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारी सेवा प्रवाहको नमुना स्थानीय तहका रूपमा स्थापित गर्न नलगाड नगरपालिकामा प्रविधिमैत्री एकिकृत सेवा प्रणाली संचालन गरिनेछ।

८. नलगाड नगरपालिका क्षेत्रभित्र पर्ने भेरी करिडोर तथा प्रमुख बजार क्षेत्रहरूमा नागरिकको आवागमनलाई सुरक्षित, सहज र व्यवस्थित बनाउन आधुनिक सडक बत्ती तथा सिसिटिभी ( **CCTV)** क्यामरा जडान तथा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक सुरक्षा सुदृढीकरण , अपराध नियन्त्रण, दुर्घटना न्यूनीकरण तथा रात्रीकालीन आवागमनलाई सुरक्षित र सहज बनाउन आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ।

९. नलगाड नगरपालिका वडा नं. १३ लगायत हालसम्म सडक पहुँचबाट वञ्चित क्षेत्रहरूमा सडक सञ्जाल विस्तारलाई उच्च प्राथमिकतामा राखिनेछ। उक्त क्षेत्रका नागरिकलाई सहज , सुरक्षित तथा भरपर्दो यातायात पहुँच सुनिश्चित गर्न संघीय सरकार , कर्णाली प्रदेश सरकार तथा विकास साझेदार संस्थाहरूसँग आवश्यक समन्वय , सहकार्य र स्रोत व्यवस्थापन गरी सडक निर्माण तथा स्तरोन्नति कार्यलाई चरणबद्ध रूपमा अगाडि बढाइनेछ।

१०. नागरिकलाई स्वच्छ, सुरक्षित तथा दिगो खानेपानी सेवा उपलब्ध गराउन तथा कृषि उत्पादन वृद्धि गर्न दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना (**SUSWA)** र सोसेक नेपालसँगको साझेदारीलाई

सुदृढ बनाइनेछ। उक्त साझेदारीमार्फत खानेपानी तथा सिँचाइ आयोजनाहरूको निर्माण , विस्तार, मर्मत तथा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट निर्माणाधीन दारिमपाटा –घरङ्गा सडकको निर्माण कार्यलाई गुणस्तरीय, दिगो तथा सुरक्षित यातायातका मापदण्डअनुरूप सम्पन्न गरिनेछ। उक्त सडक आयोजनालाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकतानुसार नगरपालिकाबाट समेत स्रोत सुनिश्चित गरी बजेट थप व्यवस्था गर्दै निर्माण कार्यलाई निर्धारित समयमै सम्पन्न गरिनेछ।

१२. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको प्रभावकारी परिचालन गर्दै नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।भवन निर्माण कार्यलाई निर्धारित समयभित्र सम्पन्न गर्न आवश्यकतानुसार नगरपालिकाबाट थप बजेट व्यवस्था गरी चालु आर्थिक वर्षभित्र प्रशासनिक भवन निर्माण सम्पन्न गरिनेछ।

१३. कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व तथा बजारीकरण प्रवर्द्धन गर्न कृषकले उत्पादन गरेका कृषि उपजको संकलन, भण्डारण र बिक्री –वितरणलाई व्यवस्थित बनाइनेछ। यसका लागि कृषि संकलन केन्द्र भवन निर्माण गरी आवश्यक भण्डारण पूर्वाधार विकास गरिनेछ। साथै , स्थानीय कृषि उपजको सहज तथा प्रतिस्पर्धी बजारीकरणका लागि कृषि हाट बजार स्थापना तथा सञ्चालन गरिनेछ। यसबाट कृषकलाई उत्पादनको उचित मूल्य प्राप्त गर्न , कृषि व्यवसायलाई व्यावसायिक बनाउन तथा कृषकको आय वृद्धि र आत्मनिर्भरतामा टेवा पुर्या इनेछ।

१४. भौतिक पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरू छनौ ट एवं कार्यान्वयन गर्दा लाभग्राही समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने , निर्माणपश्चात सञ्चालन तथा मर्मतसम्भारमा स्थानीय अपनत्व र जिम्मेवारी अभिवृद्धि गर्ने , नगरपालिकाको दीर्घकालीन आयआर्जनमा योगदान पुर्यामउने, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणमा सकारात्मक प्रभावपार्ने प्रकृतिका आयोजनाहरूलाई उच्च प्राथमिकता दिइनेछ ।

१५. ग्रामीण सडक निर्माण तथा स्तरोन्नति कार्यलाई ग्रामीण सडक निर्माण निर्देशिकाबमोजिम सञ्चालन गरिनेछ। सडक निर्माणका क्रममा पहिरो नियन्त्रण, ढल निकास तथा भिरालो जमिनको स्थिरीकरणका लागि उपलब्ध स्रोतसाधनको आधारमा आवश्यक भारवहन पर्खाल , बायो–इन्जिनियरिङ्ग प्रविधि तथा प्रभावकारी पानी निकास प्रणाली अनिवार्य रूपमा अवलम्बन गरिनेछ। साथै वातावरणमैत्री तथा प्रकृतिमैत्री प्रविधिको प्रयोग र प्रवर्द्धनलाई प्राथमिकता दिँदै सबै ग्रामीण सडक आयोजनाहरूको दिगोपना सुनिश्चित गरिनेछ।

१६. वन पैदावारको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगलाई प्रभावकारी बनाउन विभिन्न प्रयोजनका लागि वन पैदावारको उपयोग गर्दा नगरपालिकासँग अनिवार्य समन्वय गर्ने व्यवस्था मिलाइनेछ। साथै प्रचलित कानुनबमोजिम आवश्यक कार्यविधि तर्जुमा गरी वन पैदावारको उपयोग तथा व्यवस्थापनलाई व्यवस्थित गर्दै राजस्व प्रणालीको दायरामा समेटिनेछ।

१७. नलगाड नगरपालिकाको प्रशासनिक केन्द्रविन्दु रहेको नलगाड नगरपालिका वडा नं ७ , दल्लीमा बढ्दो बजारीकरण, बढ्दो जनसंख्या समेतलाई लक्षित गर्दै खानेपानी यसै बर्ष निर्माण गरिनेछ ।

१८. निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूको दिगोपना सुनिश्चित गर्न नियमित मर्मत तथा संरक्षणलाई प्राथमिकता दिइनेछ। यसका लागि मर्मत सम्भार कोषलाई सुदृढ बनाउँदै सडक , भवन, खानेपानी, सिँचाइ तथा अन्य सार्वजनिक पूर्वाधारहरूको नियमित मर्मत , संरक्षण र व्यवस्थापन कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

१९. सार्वजनिक यातायात तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्दै एम्बुलेन्स , अटो रिक्सा तथा अन्य सार्वजनिक यातायात सेवाको सञ्चालन र व्यवस्थापनलाई प्रचलित कानुन , कार्यविधि र मापदण्डअनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। नगर अस्पतालको सेवा प्रवाहलाई नागरिकमैत्री, गुणस्तरीय र पहुँचयोग्य बनाउन संस्थागत सुधार , कार्यविधि परिमार्जन तथा आवश्यक व्यवस्थापकीय सुदृढीकरण ग दैं यसै वर्ष १५ सैया नलगाड नगर अस्पतालको आफ्नै भवनबाट गुणस्तरिय सेवा प्रवाह यसैवर्षदेखी सुरु गरिनेछ ।

२०. शिक्षण–सिकाइ प्रक्रियालाई बालमैत्री तथा प्रविधिमैत्री बनाई बालबालिकाहरूमा सिर्जनशीलता , नवप्रवर्तन र व्यावहारिक सीपको विकास गर्न नमूना कक्षाकोठा स्थापना तथा आवश्यक शिक्षण – सिकाइ सामग्रीका लागि अनुदानको व्यवस्था गरिनेछ।

२१. उत्कृष्ट शैक्षिक नतिजा हासिल गरेका विद्यालयहरूसँग सिकाइ आदान –प्रदान तथा असल अभ्यासहरूको अवलोकन गर्न अन्तरविद्यालय शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२२. प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई 'सिक्दै कमाउँदै (**Learn & Earn)'** अवधारणामा आधारित नमूना उद्यमशीलता तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्न बीउ पुँजी (**Seed Capital)** स्वरूप अनुदान उपलब्ध गराइनेछ।

२३. दीर्घकालीन शैक्षिक नीति निर्माण , शैक्षिक संस्थाहरूको वैज्ञानिक व्यवस्थापन , नतिजामा आधारित नवीनतम् कार्यक्रम तथा क्रियाकलाप सञ्चालन , र स्रोत व्यवस्थापन एवं परिचालनलाई प्रभावकारी

बनाउन एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली ( **IEMIS)** को सुदृढीकरण तथा शैक्षिक प्रोफाइल व्यवस्थापनमा विशेष जोड दिइनेछ।

२४. नगरपालिकास्तरमा आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता सुनिश्चित गर्न प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा कृषि, वन, वातावरण, विज्ञान तथा प्रविधि, चिकित्सा, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, जलविद्युत्, नवीकरणीय ऊर्जा लगायतका विशिष्टीकृत विधामा उच्च प्राविधिक अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२५. 'चिनौं आफ्नो माटो, बनाऔं आफ्नो देश' भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै उच्च शिक्षा हासिल गरेका बेरोजगार युवाहरूको ज्ञान, सीप र क्षमताको उपयोग गरी विकास निर्माण तथा शैक्षिक सुधारका कार्यमा परिचालन गर्न नगर शिक्षक अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२६. सामुदायिक विद्यालयहरूको भौगोलिक अवस्था, शिक्षक–विद्यार्थी अनुपात, प्रभाव क्षेत्रको सम्भाव्यता तथा स्थानीय सरकारको नीतिलाई आधार मानी वित्तीय स्रोत र शैक्षिक जनशक्तिको उच्चतम उपयोगमार्फत एउटै छानामुनि (बृहत् विद्यालय) बाट गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय समायोजन (मर्ज) गर्ने नीति अवलम्बन गरिनेछ।

२७. खेलकुदका माध्यमबाट अनुशासित, सक्षम र प्रतिस्पर्धी खेलाडी उत्पादन गर्दै भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा सहभागिता जनाई राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न सक्ने खेलाडीहरूको विकास गर्ने तथा संघीय प्रणाली अनुरूप विद्यालयहरूको सहभागितामा सञ्चालन हुने खेलकुद प्रतियोगिताहरूलाई अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्यले राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता नियमित रूपमा सञ्चालन गरिनेछ।

२८. 'शिक्षित सन्तान, ईश्वरको वरदान' भन्ने अवधारणालाई प्रवर्द्धन गर्दै बालबालिकाको शैक्षिक उन्नति र समग्र विकासमा अभिभावकको भूमिका थप प्रभावकारी तथा जवाफदेही बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

२९. नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा अध्ययनरत बालबालिकाको पोषणस्तर सुधार , स्थानीय कृषि अर्थतन्त्रको सुदृढीकरण तथा स्थानीय रोजगारीका अवसरहरूको प्रवर्द्धन गर्न स्थानीय उत्पादनमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम ( **Home Grown School Feeding Programme)** अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ। यसका लागि विद्यालयहरूमा स्थानीय दिवाखाजा तालिका ( **Menu)** लागू गरी आवश्यक खाद्य तथा कृषि उपज स्थानीय कृषक सहकारी , कृषक समूह, आमा समूह वा स्थानीय उत्पादक कृषकहरूबाट खरिद गर्ने व्यवस्था सुनिश्चित गरिनेछ।

३०. विद्यालय शिक्षालाई व्यवहारिक , जीवनोपयोगी तथा ज्ञानमा आधारित बनाउन स्थानीय सन्दर्भअनुकूल, माटो सुहाउँदो, स्थानीय विशिष्टता र उद्यमशीलतामा आधारित स्थानीय पाठ्यक्रमको परिमार्जन तथा प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

३१. सार्वजनिक विद्यालयहरूको गुणस्तर सुधारको मार्ग प्रशस्त गर्ने उद्देश्यले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (**SESP)** को परिमार्जन गरिनेछ।

३२. विद्यार्थीहरूमा प्रहरीप्रति सकारात्मक धारणा विकास गराई ट्राफिक नियम तथा अन्य सार्वजनिक सुरक्षासम्बन्धी विषयमा सचेतना अभिवृद्धि गर्न 'एक दिन विद्यार्थी–प्रहरी कार्यक्रम' सञ्चालन गरिनेछ।

३३. स्वस्थ पशुपन्छी उत्पादनमार्फत सुरक्षित मासु , दूध तथा अण्डाको उपलब्धता सुनिश्चित गर्न पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्छीमा फैलिने महामारीजन्य रोगहरू (पी.पी.आर. , खोरेत, चरचरे, भ्यागुते, रेबिज, लम्पी स्किन लगायत) को रोकथाम , नियन्त्रण, खोप सेवा, निगरानी तथा निःशुल्क उपचार सेवाको व्यवस्था गरिनेछ। साथै रोग तथा परजीवी पहिचानका लागि पशु स्वास्थ्य प्रयोगशालालाई सुदृढ तथा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

३४. पशुपन्छीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न एकीकृत पशु विकास कार्यक्रम सञ्चालन गरी लागत साझेदारीका आधारमा अनुदान, प्राविधिक सेवा, पशु स्वास्थ्य सेवा, उन्नत प्रविधि तथा आवश्यक उत्पादन सामग्री उपलब्ध गराइनेछ।

३५. वातावरण तथा जलवायु अनुकूल पशुपालन प्रणालीलाई प्रवर्द्धन गर्न घाँसेबाली विकास कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तथा उन्नत घाँसका बीउ तथा बिरुवा उपलब्ध गराई घाँसखेतीमा आधारित व्यावसायिक तथा बन्धुवा पशुपालन प्रणालीलाई प्रोत्साहन गरिनेछ।

३६. आयआर्जन, खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्या उन डुअल पर्पोज जातका कुखुराका चल्ला वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै मासु तथा दुग्धजन्य पदार्थको उत्पादन , प्रशोधन, बजारीकरण र स्वच्छ उपभोगलाई प्रवर्द्धन गर्न मासु पसल सुधार कार्यक्रम तथा डेरी व्यवसाय सञ्चालनमा लागत साझेदारी कार्यक्रम कार्यान्वयन गरिनेछ।

३७. पशु सेवा शाखाबाट प्रदान गरिने पशु स्वास्थ्य तथा प्राविधिक सेवाको पहुँचबाट टाढा रहेका वडाहरूमा पशु सेवा केन्द्र तथा घुम्ती सेवा मार्फत पशु स्वास्थ्य सेवा प्रवाहलाई विस्तार र सुदृढ गरिनेछ।

३८. बाख्रा प्रवर्द्धन कार्यक्रमअन्तर्गत व्यावसायिक तथा उत्पादनशील बाख्रा स्रोत केन्द्र स्थापना तथा विकासका लागि वडा नं १२ र १३ मा बजेट ब्यबस्थापन गरिनेछ । साथै नलगाड नगरपालिकाभित्र स्थानीय जातका कुखुरा विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

३९. "एक वडा–एक विशेष उत्पादन" कार्यक्रमअन्तर्गत पशुपन्छी तथा मत्स्यपालन क्षेत्रको सम्भाव्यता अध्ययन गरी १३ वटै वडामा उपयुक्त पकेट क्षेत्र पहिचान तथा घोषणा गरी उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

४०. पशुपन्छीमा देखा पर्ने रोगहरूको समयमै पहिचान , निदान तथा उपचारका लागि भेटेरिनरी प्रयोगशाला तथा शल्यक्रिया कक्ष स्थापना गरी गुणस्तरीय पशु स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

४१. नेपाल सरकारको "एक वडा–एक पशु सेवा प्राविधिक " अवधारणालाई कार्यान्वयन गर्दै क्रमशः प्रत्येक वडामा आवश्यक पशु सेवा प्राविधिकको व्यवस्था गरी सेवा विस्तार गरिनेछ।

४२. पशुपन्छीमा आकस्मिक मृत्यु तथा रोगजन्य क्षतिबाट कृषकलाई हुने आर्थिक जोखिम न्यूनीकरण गर्न पशु बीमा कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ। यसका लागि कृषकहरूलाई पशु बीमामा आबद्ध हुन प्रोत्साहित तथा सहजीकरण गरिनेछ।

४३. नलगाड नगरपालिकाका कृषिमा आधुनिकरण गर्नका लागि ५० प्रतिशत साझेदारीमा यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम विस्तार गरिनेछ ।

४४. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तोरी , आलु, तरकारी, फलफूल, मसला तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

४५. स्थानीय स्तरमा खाद्य तथा पोषण सुरक्षालाई सुदृढ गर्न उन्नत सिडकिट तथा गुणस्तरीय बीउबिजन वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

४६. बेमौसमी तरकारी उत्पादनमा कृषकहरूको पहुँच बढाउन प्लाष्टिक टनेल निर्माण तथा विस्तारमा अनुदान उपलब्ध गराइनेछ।

४७. नगरपालिकाभित्र हिउँदे तथा वर्षे फलफूल बाली क्षेत्र विस्तार गरी व्यावसायिक फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ।

४८. मौरीपालन व्यवसायलाई आयआर्जनको भरपर्दो माध्यमका रूपमा विकास गर्न मौरीजन्य सामग्री वितरण तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

४९. स्थानीय जलवायु तथा भौगोलिक अवस्थाअनुकूल मसला बाली उत्पादन तथा व्यवसायीकरणलाई विशेष प्राथमिकता दिइनेछ।

५०. स्थानीय जातका रैथाने बालीहरूको संरक्षण , प्रवर्द्धन तथा उपयोग विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ।

५१. कृषि उत्पादनमा देखिने रोग, कीरा तथा अन्य समस्याको व्यवस्थापनका लागि बाली संरक्षण सेवा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५२. रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्दै जैविक तथा प्राङ्गारिक कृषि प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

५३. कृषकहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धिका लागि खाद्यान्न , तरकारी तथा बाली संरक्षण सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ।

५४. एकीकृत शत्रुजीव व्यवस्थापन प्रविधिको विस्तार गरी सुरक्षित तथा दिगो कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ।

५५. कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग बढाउन कृषि यान्त्रिकीकरण कार्यक्रमलाई विस्तार गरिनेछ।

५६. कृषि उत्पादनलाई वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराउन साना सिँचाइ संरचना निर्माण तथा सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

५७. गुणस्तरीय बिरुवा उत्पादन तथा आत्मनिर्भरता बढाउन कृषि नर्सरी स्थापना तथा सञ्चालनमा सहयोग प्रदान गरिनेछ।

५८. कृषकको आवश्यकता तथा मागका आधारमा उत्पादनमुखी तथा आयआर्जनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५९. कृषि क्षेत्रमा अनुसन्धान, परीक्षण तथा प्राविधिक सेवा विस्तारका लागि एकीकृत कृषि प्रयोगशाला स्थापना तथा सञ्चालन गरिनेछ।

६०. कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू मनाई कृषिप्रति जनचेतना अभिवृद्धि गरिनेछ।

६१. कृषि विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन , अनुगमन तथा मूल्याङ्कनलाई थप सुदृढ बनाइनेछ।

६२. कृषि सेवा प्रवाहलाई चुस्त, प्रभावकारी तथा परिणाममुखी बनाउन आवश्यक सञ्चालन, भ्रमण तथा व्यवस्थापन खर्चको उचित व्यवस्था गरिनेछ।

६३. कृषि उत्पादन तथा सामग्रीको सहज आपूर्ति सुनिश्चित गर्न आवश्यक ढुवानी व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

६४. नलगाड नगरपालिकाका सम्पूर्ण वडाहरुमा आयुर्वेद सेवाको पहुँच विस्तार गर्न र विभिन्न किसिमका नसर्ने रोग व्यवस्थापनका लागि नगरपालिकाको कम्तिमा चार (४) स्थानमा प्रत्येक महिनाको २ पटक गाँउघर आयुर्वेद स्वास्थ्य क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम सन्चालन गरिनेछ ।

६५. अस्वस्थकर खानपिन तथा अव्यबस्थित जीवनशैलिका कारण पछिल्लो समयमा वढ्दै गईरहेको पाइल्स, फिस्टुला, फियर जस्ता **Ano-rectal** रोगहरुको समयमै पहिचान गरि थप जटिलता हुन बाट बचाउनका लागि विशेषज्ञ आयुर्वेद चिकित्सकको उपस्थितिमा **screening camp** सन्चालन गरिनेछ ।

६६. ‘मेरो स्वास्थ्य मेरो जिम्मेवारी’ भन्ने मूल नाराका साथ स्वस्थवृत्त , सदवृत, आचार रसायन, आयुर्वेद जीवनशैली सम्बन्धी सचेतना, फैलाउन नगरपालिकाका मुख्य मुख्य स्थानमा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिने छ ।

६७. जीवन शैली र आहार विहारका कारण हाल स्वास्थ्य चुनौतिको रुपमा रहेका विभिन्न किसिमका नसर्ने रोगका साथै शारीरिक तथा मानसिक समस्याहरुको न्युनिकरण र व्यवस्थापनका लागि नगरपालिकाका मुख्य २ स्थानमा वृहत योग शिविर सञ्चालन गरिने छ ।

६८. स्वस्थ नगरवासी-समृद्ध नगर भन्ने अभिप्रायका साथ योग र आयुर्वेदको माध्यमवाट स्वस्थ जीवन जीउन प्रेरित गर्ने उद्देश्यले मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।

६९. भान्सालाई अस्पताल र खानालाई औषधीको रुपमा लिन गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम मार्फत प्रत्येक घर-घरबाट नै स्वस्थ र सवल नागरिक निर्माण अभियान सञ्चालन गरिने छ।

७०. पोषणमैत्री स्थानीय शासनको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पोषणमैत्री वडा घोषणा अभियानलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ । प्रत्येक वडाले आफ्नो बजेटबाट आवश्यक स्रोत सुनिश्चित गरी अभियानलाई सहयोग गर्नेछ । साथै, पोषणमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्यसहित वडा तथा विषयगत शाखाहरूको समन्वयमा विशेष कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७१. नलगाड नगरपालिकाको मानसिक स्वास्थ्य नीति, २०८१ कार्यान्वयन गर्दै बढ्दो मानसिक स्वास्थ्य समस्या तथा आत्महत्याको जोखिम न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम , मानसिक स्वास्थ्य परामर्श सेवा, दक्ष जनशक्ति परिचालन तथा आवश्यक औषधिको उपलब्धता सुनिश्चित गरिनेछ । विद्यालय तथा समुदायस्तरमा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । आत्महत्या रोकथाम तथा मानसिक स्वास्थ्य सेवामा पहुँच अभिवृद्धिका लागि प्रभावकारी रेफरल प्रणाली विकास तथा सुदृढीकरण गरिनेछ ।

७२. घरमै हुने सुत्केरीको संख्या न्यूनीकरण तथा मातृ–शिशु स्वास्थ्य सेवा पहुँच विस्तार गर्न मोबाइल स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. स्वास्थ्य संस्थामा नियमित गर्भवती जाँच तथा संस्थागत सुत्केरी हुने आमाहरूलाई उपलब्ध गराइँदै आएको यातायात खर्च, पोषण प्याकेज तथा पोषण कोशेली कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७४. सुत्केरीपछिको सेवालाई थप प्रभावकारी बनाउन नर्सिङ कर्मचारीद्वारा सुत्केरी तथा नवजात शिशुको घरमै पुगेर जाँच तथा परामर्श सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । नलगाड नगरपालिकामा संस्थागत सुत्केरी दर ९५ प्रतिशतभन्दा माथि पुर्याई मातृमृत्युदर शून्यमा कायम राख्ने

लक्ष्यका साथ स्वास्थ्य संस्थाहरूको सेवा पहुँच ,गुणस्तर, उत्तरदायित्व तथा जनविश्वास अभिवृद्धि गरिनेछ ।

७५. हाल ३ स्वास्थ्य संस्थामा टेलिमेडिसिन सेवा सञ्चालनमा रहेको र आर्थिक वर्ष २०८३/०८४ मा थप२ स्वास्थ्य संस्थामा टेलिमेडिसिन सेवा विस्तार गरिनेछ ।

७६. हाल प्रसूति कुरुवा घर सञ्चालनमा रहेका दुई स्वास्थ्य संस्थाका अतिरिक्त थप पाँच स्वास्थ्य संस्थामा प्रसूति कुरुवा घर स्थापना तथा व्यवस्थापन गरिनेछ ।

७७. निर्माणाधिन १५ शैयाको नलगाड नगर अस्पताल भवन यसै आर्थिक वर्षभित्र सम्पन्न गरी अल्ट्रासाउण्ड ( USG) सेवा, प्रयोगशाला सेवा, आधारभूत आकस्मिक सेवा , फार्मेसी सेवा तथा आवश्यक उपकरणसहित कम्तीमा १० जना स्वास्थ्यकर्मीद्वारा सेवा सञ्चालन गरिनेछ ।आगामि वर्षहरूमा अस्पताललाई क्रमशः २४ सै घण्टा सेवा प्रवाह गर्न सक्षम संस्थाको रूपमा विकास गरिनेछ ।

७८. हाल सर्ने रोगहरूको तुलनामा नसर्ने रोगहरू जस्तै मुटुरोग , क्यान्सर, उच्च रक्तचाप, मधुमेह तथा मानसिक स्वास्थ्य समस्याको भार बढ्दै गएकाले यस्ता रोगहरूको समयमै पहिचान , रोकथाम, उपचार तथा व्यवस्थापनका लागि स्वास्थ्य प्रवर्द्धनात्मक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय तथा समुदायस्तरमा नियमित स्क्रिनिङ तथा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । साथै दीर्घरोगबाट ग्रसित नागरिकहरूको अभिलेखीकरण तथा अद्यावधिक गरी संघीय सरकारबाट प्राप्त हुने औषधि उपचार सहायता रकम पारदर्शी र प्रभावकारी रूपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

७९. स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी र दिगो बनाउन जनप्रतिनिधि , कर्मचारी तथा शिक्षकहरूको स्वास्थ्य बीमामा आबद्धता सुनिश्चित गरिनेछ । प्रत्येक वडामा स्वास्थ्य बीमाको पहुँच विस्तार गर्न जनचेतनामूलक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन विशेष पहल गरिनेछ ।

८०. स्वास्थ्य सेवामा आम नागरिकको सरल, सहज, गुणस्तरीय तथा समान पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूको सेवा प्रवाह , पूर्वाधार, जनशक्ति तथा औषधि व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

८१. आँखा स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै मोतियाबिन्दु लगायत दृष्टिसम्बन्धी समस्याको न्यूनीकरणका लागि सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय र साझेदारी गरी नियमित आँखा शिविर तथा निःशुल्क मोतियाबिन्दु शल्यक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. सरकारी तथा गैरसरकारी निकायहरूसँगको समन्वय तथा साझेदारीमा जन्मजात ओठ तथा तालु फाटेका बालबालिका तथा नागरिकहरूलाई निःशुल्क प्लास्टिक सर्जरी (शल्यक्रिया) तथा पुनर्स्थापना सेवामा पहुँच सुनिश्चित गरिनेछ ।

८३. बालमैत्री, पोषणमैत्री, युवामैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. नलगाड नगरपालिका अन्तर्गतका विद्यालयहरुमा बाल संरक्षण मापदण्ड लागु गर्दैनगरपालिका तथा वडा स्तरीय बालक्लव , युवाक्लव गठनगरीयुवा क्षमताको पहिचान र परिचालनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. अपांगता परिचय पत्र प्राप्त गर्न **Online**प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

८६. लैगिंक हिंसा पीडित महिलाहरुलाई राहत तथा पुनःस्थापनाका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

८७. जेष्ठ नागरिकको हेरचाहमा परिवार र समाजको भुमिका बारेमा रणनितिक योजना निर्माण गरी कार्य सञ्चालन गरिनेछ ।

८८. जेष्ठ नागरिकलाई नियमित स्वास्थ्य परीक्षण गरी घरमा नै औषधी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

८९. महिला शसक्तिकरणका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९०. "सुरक्षित नगर, सक्षम नागरिक र विपद् उत्थानशील समाज"भन्ने दीर्घकालीन सोचलाई आत्मसात् गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास प्रक्रियाको अभिन्न अङ्गका रूपमा संस्थागत गरिनेछ।

९१. जलवायु परिवर्तनजन्य जोखिमको न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

९२. समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ गर्दै स्वयंसेवक परिचालनलाई संस्थागत गरिनेछ।

९३. विपद् कोषलाई सुदृढ गरी आकस्मिक प्रतिकार्य क्षमतामा अभिवृद्धि गरिनेछ।

९४. बहुप्रकोप जोखिम मूल्याङ्कन तथा विपद् जोखिम नक्साङ्कन अद्यावधिक गरिनेछ।

९५. नगर विपद् सञ्चालन केन्द्रलाई प्रविधिमैत्री र चौबीसै घण्टा सञ्चालनयोग्य बनाइनेछ।

९६. "स्थानीय स्रोत, स्थानीय सीप र स्थानीय उत्पादनमार्फत समुन्नत स्थानीय अर्थतन्त्र"निर्माण गर्ने उद्देश्यका साथ उत्पादनशील, प्रतिस्पर्धी तथा नवप्रवर्तनमुखी उद्योग विकासलाई प्राथमिकता दिइनेछ।

९७. महिला, युवा तथा विपन्न वर्गलाई लक्षित उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

९८. कृषि, पर्यटन तथा उद्योगबीच अन्तरसम्बन्ध स्थापित गरी उत्पादन प्रणालीलाई सुदृढ गरिनेछ।

९९. नयाँ उद्यमी उत्पादन तथा स्टार्टअप प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१००. उद्यमीहरूको वित्तीय साक्षरता तथा व्यवसाय व्यवस्थापन तालिम सञ्चालन गरिनेछ।

१०१. "एक वडा–एक उत्पादन" अवधारणालाई कार्यान्वयन गरिनेछ।

१०२. "सुशासनयुक्त, उत्तरदायी, पारदर्शी र सदस्यकेन्द्रित सहकारी प्रणाली"निर्माण गर्दै सहकारी क्षेत्रलाई स्थानीय आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गरिनेछ। सहकारी संस्थाको संस्थागत सुदृढीकरण तथा क्षमता विकासलाई प्राथमिकता दिइनेछ।

१०३. उत्पादनमूलक, कृषि तथा महिला सहकारीलाई विशेष प्रवर्द्धन गर्दै सहकारीका पदाधिकारी तथा कर्मचारीलाई लेखा, सुशासन र वित्तीय व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिनेछ।

१०४. सहकारीहरूको वित्तीय तथा संस्थागत सूचकाङ्क मूल्याङ्कन गर्दै उत्कृष्ट सहकारी संस्थालाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

१०५. "सुशासन, पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागितामा आधारित समावेशी विकासमार्फत सुरक्षित, समृद्ध, उद्यमशील र आत्मनिर्भर स्थानीय सरकार निर्माण गर्ने"यस नीति तथा कार्यक्रमको मूल प्रतिबद्धता रहनेछ।

१०६. एक वडा –एक सीप कार्यक्रमप्रत्येक वडामा कम्तीमा एक रोजगारमुखी सीप तालिम सञ्चालन गरिनेछ ।

१०७. उद्यम सुरु गर्ने युवालाई बीउ पुँजीव्यवसाय योजना छनोट गरी रु. २५ हजार –५० हजारसम्म प्रोत्साहन सहयोग उपलब्ध गराइनेछ ।

१०८. रोजगार सूचना बैंक स्थापनाबेरोजगार युवा, सीप भएका व्यक्ति र रोजगारदाताको विवरण संकलन गरिनेछ ।

१०९. स्थानीय श्रमिकलाई प्राथमिकतानगरपालिकाका योजनामा कम्तीमा ७० प्रतिशत स्थानीय श्रमिक प्रयोग गर्ने नीति लिइनेछ ।

११०. आर्थिक विकासका क्षेत्र कृषि, पशुपालन, पर्यटन, उद्योगसँग सम्बन्धित मागमा आधारित नगर प्रमुख स्वरोजगारकार्यक्रम सञ्चालन गर्ने।

१११. स्थानीय तह रोजगार सेवा केन्द्रमार्फत सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना , परामर्श तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप , अनुभव तथा पूँजीलाई स्थानीय उद्यमशीलता र उत्पादनशील क्षेत्रमा उपयोग गर्न पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

नगर सभाका सदस्य ज्यूहरु,

११२. सेवाग्राहीमैत्री सेवा प्रवाह सुनिश्चित गर्न सेवा प्रवाह मापदण्ड तयार गरी नियमित रूपमा सेवाप्रतिको सन्तुष्टि मापन गरिनेछ । नागरिक सहायता कक्षलाई थप व्यवस्थित बनाउँदै सेवाग्राही सन्तुष्टि परीक्षण, गुनासो व्यवस्थापन तथा सार्वजनिक प्रतिवेदन प्रणालीलाई सुदृढ गरिनेछ । “डिजिटल नलगाड अभियान” अन्तर्गत नगरपालिका , वडा कार्यालय तथा मातहतका कार्यालयहरूबाट प्रवाह हुने

सेवाहरूलाई क्रमशः टोकन प्रणाली, अनलाइन दर्ता, डिजिटल अभिलेखीकरण तथा कम्प्युटराइज्ड बिलिङ प्रणालीमार्फत सञ्चालन गरिनेछ ।

११३. संस्थागत सुशासन तथा कार्यसम्पादन सुधारका लागिनगरपालिकामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनलाई नतिजामुखी बनाउन प्रमुख प्रशासकीय अधिकृत तथा कर्मचारीहरूबीच कार्यसम्पादन करार सम्झौता गरिनेछ । कर्मचारीहरूको मनोबल अभिवृद्धिका लागि क्षमता विकास तालिम , पुरस्कार, सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । **"Right Person, Right Place, Right Time"** को सिद्धान्त अवलम्बन गरिनेछ ।

११४. सूचना तथा सञ्चार प्रणालीलाई थप प्रभावकारी बनाउन सञ्चार माध्यमहरूसँग सहकार्य तथा साझेदारीमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । पत्रकारिता क्षेत्रसँग रचनात्मक सहकार्य गर्दै नगरपालिका विकास अभियानमा सुझाव, सूचना प्रवाह तथा जनउत्तरदायित्व अभिवृद्धिमा जोड दिइनेछ ।

११५. नलगाड क्षेत्रका परम्परागत लोकसंस्कृति , कला तथा सम्पदाहरू जस्तै ख्याली , लहरे, सिंगारु नाच लगायतका सांस्कृतिक पहिचानहरूको संरक्षण , संवर्द्धन तथा पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। लोपोन्मुख जाति , आदिवासी तथा जनजातिहरूको भाषा , संस्कृति, कला र परम्परागत ज्ञानको संरक्षण तथा विकासका लागि 'नलगाड लोकसंस्कृति पुस्तान्तरण कार्यक्रम ' सञ्चालन गरी आवश्यक बजेट विनियोजन गरिनेछ। साथै , नलगाड सांस्कृतिक महोत्सवलाई निरन्तरता दिँदै स्थानीय कला र संस्कृतिको प्रवर्द्धनमा जोड दिइनेछ।

११६. लोपोन्मुख, सीमान्तकृत, पिछडिएका तथा अल्पसंख्यक समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि उद्यमशीलता प्रवर्द्धन , सीप विकास, आयआर्जन वृद्धि तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

११७. नगरपालिकाको दोस्रो आवधिक योजना , वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच तादात्म्यता कायम गर्दै मध्यकालीन खर्च संरचना, आन्तरिक नियन्त्रनप्रणाली, खरिद गुरु योजना र क्षमता विकास योजना (२०८३/८४-२०८५/८६) निर्माण तथा अध्यावधिक गरी कार्यान्वयन गरिनेछ ।

११८. नगरपालिका क्षेत्रभित्र ढुङ्गा , गिट्टी, बालुवा लगायत नदीजन्य तथा प्राकृतिक स्रोतहरूको उत्खनन , बिक्री तथा निकासी प्रक्रियालाई कानुनी तथा वातावरणीय मापदण्डअनुसार व्यवस्थित गरिनेछ । करको दायरा विस्तार गर्दै राजस्व सङ्कलनलाई प्रभावकारी बनाइनेछ । योजना तथा आयोजनामा प्रयोग हुने प्राकृतिक स्रोत सामग्रीको उपयोगबापत आर्थिक ऐनमा व्यवस्था भएबमोजिम राजस्व असुली गरिनेछ । अनुमानित राजस्व लक्ष्य समयमै हासिल गर्न वडा समितिहरूलाई परिचालन गरिनेछ ।

नगर सभाका सदस्यज्यूहरू,

११९. जलवायु परिवर्तनका असर न्यूनीकरण , वातावरण संरक्षण तथा दिगो प्राकृतिक स्रोत व्यवस्थापनलाई प्राथमिकतामा राखी "हरियो नलगाड अभियान" सञ्चालन गरिनेछ। प्रत्येक वडामा हरित क्षेत्र तथा सार्वजनिक उद्यान विकास , पहिरो तथा भू–क्षय प्रभावित क्षेत्रमा वृक्षारोपण , बायो–इन्जिनियरिङ्ग तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक निकाय , विद्यालय तथा सामुदायिक संस्थाहरूको सहभागितामा वृक्षारोपण तथा संरक्षण अभियानलाई संस्थागत गरिनेछ।

१२०. भूकम्प प्रभावित क्षेत्रहरूमा सुरक्षित , दिगो तथा विपद् प्रतिरोधी बस्ती विकास गर्ने उद्देश्यले "भूकम्प प्रतिरोधी नमूना बस्ती विकास कार्यक्रम " सञ्चालन गरिनेछ। सुरक्षित आवास , खानेपानी, सरसफाइ, सडक तथा सामुदायिक पूर्वाधारको एकीकृत विकासमार्फत नमूना बस्ती निर्माण गरिनेछ।

१२१. युवाहरूको उद्यमशीलता विकास, स्वरोजगार तथा विदेश पलायन न्यूनीकरण गर्न "युवा नवप्रवर्तन तथा उद्यम प्रवर्द्धन कार्यक्रम" सञ्चालन गरिनेछ। कृषि, पर्यटन, सूचना प्रविधि तथा स्थानीय उत्पादनमा आधारित उद्यम स्थापना गर्न चाहने युवाहरूलाई सीप विकास, व्यवसाय परामर्श, प्रविधि हस्तान्तरण तथा वित्तीय पहुँचमा सहजीकरण गरिनेछ।

१२२. विद्यालयको स्थानीय सम्भाव्यता अनुसार कृषि, फलफूल, तरकारी, मौरीपालन, च्याउ खेती तथा अन्य उत्पादनमुखी गतिविधिहरूलाई सिकाइ प्रक्रियासँग एकीकृत गरिनेछ।

१२३. बहुक्षेत्रीय पोषण योजना तथा नगर मानसिक स्वास्थ्य नीति कार्यान्वयनलाई प्रभावकारी बनाउन पोषण तथा मानसिक स्वास्थ्य सेवाको एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ। गर्भवती , सुत्केरी, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई लक्षित पोषण परामर्श , मानसिक स्वास्थ्य प्रवर्द्धन तथा मनोसामाजिक सहयोग सेवा विस्तार गरिनेछ।

१२४. बाढी, पहिरो तथा अन्य विपद्जन्य जोखिम न्यूनीकरणका लागि समुदायमा आधारित विपद् पूर्वसूचना प्रणालीको विस्तार गरिनेछ। प्रत्येक वडामा विपद् स्वयंसेवक समूह गठन गरी आवश्यक तालिम, उपकरण तथा विपद् प्रतिकार्य क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. नलगाड नदी, नहकुली लेक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, प्रवर्द्धन तथा पर्यटन विकासका लागि "नलगाड पर्यटन विकास गुरुयोजना " तयार गरी कार्यान्वयन गरिनेछ। होमस्टे, सामुदायिक पर्यटन तथा पर्यटकीय पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिइनेछ।

१२६. स्थानीय उत्पादनको प्रवर्द्धन , बजारीकरण तथा स्थानीय अर्थतन्त्र सुदृढीकरणका लागि स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ। कृषि तथा घरेलु उत्पादनको बजारीकरणका लागि "नलगाड कृषि तथा स्थानीय उत्पादन हाटबजार" सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

१२७. विद्यालयहरूलाई सुरक्षित, विपद् प्रतिरोधी तथा बालमैत्री बनाउने उद्देश्यले प्रत्येक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ। भूकम्प , आगलागी तथा अन्य विपद्सम्बन्धी नमुना अभ्यास (**Mock Drill)** नियमित रूपमा सञ्चालन गरिनेछ।

१२८. भूकम्पपछिको पुनर्निर्माण कार्यलाई स्थानीय रोजगारी सिर्जनासँग आबद्ध गर्दै "रोजगारयुक्त पुनर्निर्माण कार्यक्रम" सञ्चालन गरिनेछ। स्थानीय युवा , महिला तथा बेरोजगार नागरिकलाई सीप विकास, निर्माणसम्बन्धी तालिम तथा रोजगार अवसरमा प्राथमिकता दिइनेछ।

१२९. सुशासन, पारदर्शिता तथा नागरिक उत्तरदायित्व अभिवृद्धि गर्न "खुला तथ्याङ्क तथा सुशासन कार्यक्रम" सञ्चालन गरिनेछ। नगरपालिकाका योजना , बजेट, खर्च, उपलब्धि तथा सेवा प्रवाहसम्बन्धी तथ्याङ्कलाई डिजिटल ड्यासबोर्ड तथा सार्वजनिक सूचना प्रणालीमार्फत नागरिकको पहुँचमा उपलब्ध गराइनेछ।

१३०. जलवायु परिवर्तन, विपद् जोखिम तथा खाद्य सुरक्षाको चुनौतीलाई मध्यनजर गर्दै "एक वडा–एक जलवायु अनुकूलन योजना" तयार गरी कार्यान्वयन गरिनेछ। पानीका मुहान संरक्षण, वर्षे पानी संकलन, सुख्खा तथा विपद् प्रतिरोधी कृषि प्रणाली , जलवायु अनुकूल पूर्वाधार तथा सामुदायिक अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा,

नलगाड नगरपालिकाले विगतका नीति तथा कार्यक्रमका सकारात्मक उपलब्धिहरूलाई निरन्तरता दिँदै तथा अनुभवबाट सिकाइ लिँदै आर्थिक वर्ष २०८ ३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । यस अवसरमा आफ्नो व्यस्त तथा अमूल्य समयका बाबजुद नगरसभामा उपस्थित हुनुहुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरू , जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू , सञ्चारकर्मीहरू, सुरक्षाकर्मीहरू तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस नीति तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा रचनात्मक सुझाव , परामर्श तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण राजनीतिक दल , नागरिक समाज, बुद्धिजीवी, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार संस्था तथा नगरवासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबाट निरन्तर सहयोग , सहकार्य र साथ प्राप्त हुने विश्वास व्यक्त गर्दछु । नेपालको संविधानको प्रभावकारी कार्यान्वयन , सुशासनको प्रवर्द्धन तथा दिगो विकासका माध्यमबाट समृद्ध , समुन्नत र आत्मनिर्भर नलगाड निर्माणको अभियानमा सबैको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

नगरको समग्र आर्थिक , सामाजिक, सांस्कृतिक तथा पूर्वाधार विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुर्याउने सम्पूर्ण जनप्रतिनिधि , कर्मचारी, सुरक्षाकर्मी, निजी तथा सहकारी क्षेत्र , सञ्चार जगत , विकास साझेदार संस्था तथा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । धन्यवाद।

डम्बर बहादुर रावत
नगर प्रमुख
नलगाड नगरपालिका जाजरकोट

२०८३ असार ०९ गते